नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

## सूची दर्ता गराउने सम्बन्धी सूचना

यस कोषको निम्ति आ.व. २०७५।०७६ को लागि आवश्यक पर्ने निम्नानुसारका सामान तथा सेवाहरू पटक पटक वा एकैपटक खरिद गर्नुपर्ने भएकोले आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरूबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार छुट्टाछुट्टै सूची दर्ताको लागि यस कोषको कार्यालय जि.वि.स. भवन, बबरमहल, काठमाडौंमा दरखास्त दिई सूचीकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. कार्यालय सम्बन्धी मालसामान (मसलन्द तथा विविध) आपूर्ति र मुद्रणकार्य ।
२. प्रशोधित पिउने पानी (जार तथा वोतलको) आपूर्ति ।
३. विद्युतीय सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य, यन्त्र उपकरण तथा कम्प्युटर लगायतका सामानहरू आपूर्ति तथा मर्मत संभार, टेलिफोन, इन्टरनेट जडान, मर्मत तथा विस्तार सम्बन्धी कार्य ।
४. सवारी साधन, यसका पार्टपूर्जा, टायर आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
५. परामर्श सेवा (कानुनी सेवा, लेखापरीक्षण, सामाजिक सुरक्षा, कम्प्युटर प्रणाली लगायत कला सम्बन्धी परामर्श सेवा) ।
६. काठ तथा स्टिलका फर्निचर तथा पर्दा एवम् फ्लोरीङ आपूर्ति र मर्मत सम्बन्धी कार्य ।
७. विज्ञापन, सूचना प्रकाशन, वृत्त चित्र/प्रशारण सामाग्री (श्रव्य/दृष्य) निर्माण तथा प्रशारण सेवा सम्बन्धी कार्य ।

निवेदकले पेश गर्नुपर्ने विवरणहरूः

- दरखास्त साथ सम्बन्धित फर्म वा कम्पनी दर्ता प्रमाणपत्र नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ. व. २०७३।०७४ सम्मको कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरू ।
- प्रचलित कानुन बमोजिम अयोग्य नभएको, कालो सूचीमा नपरेको व्यहोरा फर्म, कम्पनी स्वयंले घोषणा गरी निवेदन साथ संलग्न गरेको ।
- दरखास्तमा रू. १० को हुलाक टिकट अनिवार्य रूपमा टाँसेको ।

अन्य जानकारीहरूः

- प्राप्त निवेदन उपर छानवीन गरी सूचीकृत गर्ने/नगर्ने अधिकार यस कोषमा निहित रहने ।
- सूचीकृत भएका फर्महरूको नामावली समय समयमा अद्यावधिक गरी यस कोषको सूचना पाटीमा प्रकाशित गरिने छ ।